गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल, दमौली, तनहुँ

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
दमौली, तनहुँ, नेपाल

## "अस्पतालका लागि सुरक्षा गार्ड तथा सरसफाईकर्मी र सरसफाई सामग्री सप्लाई सम्बन्धी प्रस्तावपत्र आह्वान सम्बन्धी सूचना"

**सूचना नं: PHD/ 01/2083/84**

**(संशोधन सूचना प्रकाशित मिति २०८३/०५/१७)**

यस अस्पतालको मिति २०८३ श्रावण २७ गते PPMO अन्तर्गत www.bolpatra.gov.np मा प्रकाशित बोलपत्र सम्बन्धी सूचना "अस्पतालका लागि सुरक्षा गार्ड तथा सरसफाईकर्मी र सरसफाई सामग्री सप्लाई सम्बन्धी कार्यको प्रस्ताव फाराम, प्रस्ताव नं. PHD/NCB/01/2083/84" का लागि प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८३ भाद्र १७ गते दिउँसो १२:०० बजेसम्म रहेकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३ भाद्र ११ गतेको सूचना अनुसार हाललाई e-GP System स्थगन गरिएकाले उक्त प्रस्तावपत्र हार्ड-कपी प्रक्रिया मार्फत मिति २०८३ भाद्र २४ गते दिउँसो १२:०० बजे भित्र देहायका योग्यता र शर्त सहित प्रस्ताव पत्रको खामबन्दी यस कार्यालयमा पेश गर्नुहुन इच्छुक फर्म/कम्पनीहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. यस प्रदेश अस्पताल दमौली, तनहुँमा आ.व. २०८३/०८४ का लागि सुरक्षा तथा सरसफाई सेवा करारका लागि संस्थागत सेवा करारमा लिनुपर्ने भएकाले नेपाल सरकार श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबाट सम्बन्धित कार्यका लागि इजाजत प्राप्त योग्य तथा इच्छुक, स्थायी लेखा नम्बर (PAN) र मूल्य अभिवृद्धि कर (VAT) दर्ता भएका कालो सूचीमा नपरेका फर्म, संस्था वा कम्पनीहरूले उल्लेखित कार्यका लागि रीतपूर्वकको प्रस्ताव पेश प्रस्तावपत्र आह्वानको सूचना गरिएको छ।

२. प्रस्ताव पेश गर्ने सम्बन्धित फर्म, संस्था वा कम्पनीले नेपाल सरकारबाट उल्लेखित कार्यका लागि इजाजत प्राप्त अनुमति पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर (VAT) दर्ता तथा नवीकरण भएको पत्रको प्रतिलिपि, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

३. यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र कम्पनि/फर्मले रु.१०००/- (अक्षयरुपि.एक हजार मात्र) शिलबन्दी फाराम दस्तुर (फिर्ता नहुने गरि) नेपाल बैंक लिमिटेड प्रदेश राजस्व खाता न. २७३०२००००१००१००००१, कार्यालय कोड न. ३७००१३८०१४ दमौली अस्पतालको नाममा राजस्व शिर्षक न. १४२२९ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरि अस्पतालको प्रशासन शाखाबाट शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी दरभाउपत्र दाताले शिलबन्दी खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको शिलबन्दीपत्र खरिद गर्नुपर्नेछ । खरिद भएको शिलबन्दीपत्रहरु यो सुचना प्रकाशित भएको मितिले ७ औ दिनको १२ बजेभित्र शिलबन्दी फाराममा सहिछाप गरि शिलबन्दीपत्र दाताको नाम, ठेगाना, फोन.न.. समेत खुलाई शिलबन्दी दरभाउपत्र कार्यालयमा दर्ता गराउन सकिने छ । प्रस्तावको मान्य अवधि ९० दिनको हुनेछ ।

५. दरभाउपत्र दाताले धरौटी बापत कुल दरभाउपत्र अंकको ३ प्रतिशत (तिन प्रतिशत) ले हुने धरौटी रकम प्रदेश धरौटी खाता, प्रदेश लेखा इकाई कार्यालय तनहुंको नेपाल बैंक लिमिटेड दमौलीमा रहेको धरौटी खाता न. ०६००२००००२००३००००१, कार्यालय कोड न. ३७००१३८०१४ मा तपशिल बमोजिम जम्मा गरेको सक्कल बैंक भौचर यस कार्यालयको नाममा जारि गरिएको १२० दिन म्याद भएको बैंक ग्यारेन्टी दरभाउ पत्र साथ राखुपर्नेछ ।

तपशिलः

| सुचना न. | विवरण | धरौटी रकम | कैफियत |
|---|---|---|---|
| PHD/01/2083/84 | अस्पतालका लागि सुरक्षा गार्ड तथा सरसफाईकर्मी र सरसफाई सामग्री सप्लाई सम्बन्धी आपूर्ति | १,१९,४६९/-(अक्षयरुपी. एक लाख उन्नाइस हजार चार सय उनान्सत्तरी रुपैया मात्र) | कम्तिमा १२० दिनको म्याद कायम भएको |

६. दाखिला भएका प्रस्तावहरू सोही दिन भाद्र २४ गते दिनको २:०० बजे उपस्थित हुन चाहने प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। प्रस्तावदाताको प्रतिनिधि उपस्थित नभए पनि प्रस्तावपत्र खोल्न बाधा पर्ने छैन। सो दिन सार्वजनिक बिदा परे कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ।

७. प्रस्ताव पेश गर्दा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेखित सेवाको कार्यक्षेत्रगत शर्त र कार्यविवरण प्रस्ताव साथ पेश गर्नुपर्ने न्यूनतम कागजातहरू तथा सेवा शुल्क भुक्तानीका तरिका अध्ययन गरी पेश गर्नुपर्नेछ।

८. प्रस्तावपत्र दाताले कबोल गरेको प्रत्येक दररेटलाई (मु.अ.करबाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

वरिष्ठ प्रशासन सहायक

९. कुनै प्रस्तावपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालको रहनेछ।

१०. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु/बुझाउनुपर्ने सबै कर (मु.अ.क. बाहेक) सम्बन्धित प्रस्तावदाता स्वयंले व्यहोर्नुपर्नेछ।

११. प्रस्तावदाताले खरिद कार्यमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५० को उपनियम २(ङ) बमोजिम घोषणा पेश गर्नुपर्नेछ। त्यस्तो स्वयं घोषणा सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ।

१२. सूचनामा उल्लेख भएका कुराहरू यसै अनुसार र यसबाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ तथा सार्वजनिक खरिद नियमावली (संशोधन सहित) २०६४ अनुसार तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ।

१३. प्रस्ताव सम्बन्धी अन्य सेवा र शर्तहरू प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त प्रस्ताव यस कार्यालयमा सुरक्षित हुनेछ । यस सम्बन्धी अन्य जानकारीका लागि यस कार्यालयमा सम्पर्क फोन नं. ०६५-५६३२०३ / ९८५६०६२६०३ मा समपर्क गर्न वा प्रस्ताव सम्बन्धी सूचना कार्यालयको website: https://pht.gandaki.gov.np मा समेत हेर्न सकिनेछ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
दमौली, तनहुँ, नेपाल

अस्पताल प्रशासन

वरिष्ठ प्रशासन सहायक